# प्रशासकीय कार्यविधी (नियमित गर्ने) ऐन, २०७५

*(सम्वत् २०८१ साल मंसिर मसान्त सम्मका संशोधन मिलाइएको)*

लुम्बिनी प्रदेश सरकार

**आन्तरिक मामिला तथा कानून मन्त्रालय**

राप्ती उपत्यका (देउखुरी), नेपाल।

## प्रशासकीय कार्यविधि (नियमति गर्ने) ऐन, २०७५

**प्रमाणीकरण र प्रकाशन मिति**

२०७५/०९/१९

**संशोधन गर्ने ऐन**

प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐन संशोधन गर्न बनेको ऐन, २०७८ — २०७८/०९/०१

सम्वत् २०७५ सालको ऐन नं. ११

**×....प्रशासकीय कार्यविधि (नियमित गर्ने) सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**

***प्रस्तावना**: प्रशासकीय कार्यविधी नियमित गर्नको लागि आवश्यक नियम, निर्देशिका, कार्यविधि, मापदण्ड बनाउने अधिकार दिन वाञ्छनिय भएकोले, लुम्बिनी प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यो ऐनको नाम "×....प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **नियम बनाउने प्रदेश सरकारको अधिकार**:(१)आर्थिक, प्रशासनिक लगायतका प्रदेश सरकारका सबै कार्यहरु सुचारु रुपले सम्पादन गर्न र

---

× प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको ऐनद्वारा संशोधित

* प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको ऐनद्वारा संशोधित

moial.lumbini.gov.np

विभिन्न मन्त्रालय तथा कार्यालयहरुले अपनाएका सबै प्रशासकीय विषयका कार्यविधि नियमित गर्नका लागि प्रदेश सरकारले आवश्यक ठानेको विषयमा नियम, निर्देशिका, कार्यविधि, मापदण्ड आदि बनाउन सक्नेछ।

(२) [×].....

३. <u>**बचाउ**</u> : यस ऐन जारी हुनुपूर्व भए गरेका कामहरु यसै ऐन बमोजिम भएको मानिनेछ।

moial.lumbini.gov.np

---

[×] प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको ऐनद्वारा संशोधित